नेपाली / *NEPALI*

Office of Child Care
and Family Resources
SCHOOL OF EDUCATION
UNIVERSITY OF WISCONSIN–MADISON

# युनिभर्सिटी कर्मचारीको लागि *Mary Czynszak-Lyne* चाइल्डकेयर पुरस्कार

युनिभर्सिटी कर्मचारीको लागि ***Mary Czynszak-Lyne*** चाइल्डकेयर पुरस्कार महङ्गो चाइल्डकेयर खर्चहरू झेल्ने र अन्य आर्थिक सहायता नपाएका युनिभर्सिटी कर्मचारीहरूका लागि बनाइएको एउटा आपतकालीन अनुदान हो।

## योग्यताको मापदण्ड

योग्य आवेदकहरूका लागि यी कुराहरू मिलेका हुनुपर्नेछ:

- स्थायी युनिभर्सिटी कर्मचारीको रूपमा कमसेकम १२ महिना काम गरेको हुनुपर्ने
- आफ्नो अघिल्लो वर्षको फारम 1040 (संघीय कर कागज) बुझाउनुपर्ने
- चाइल्डकेयरमा राखिने बालबच्चा(हरू) को अभिभावक वा कानूनी अभिभावक हुनुपर्ने
- आफ्ना बालबच्चा(हरू) अनुमति प्राप्त चाइल्डकेयर केन्द्र वा अनुमति प्राप्त पारिवारिक चाइल्ड केयर प्रदायककोमा भर्ना भएको हुनुपर्ने
- यदि बिहे भएको भएमा, श्रीमान/श्रीमती कमसेकम हप्ताको २० घण्टा काम गर्दै गरेको हुनुपर्ने
- *UW* अस्पताल, *UW* प्रणाली वा *UW* मेडिकल संस्थाको कर्मचारी नहुनुपर्ने

## मैले कति पैसा पाउन सक्नेछु ?

पुरस्कारहरू सामान्यतया $५००-$१००० सम्मका हुन्छन् ।

तलका यी कारणहरू विचार गरि पुरस्कारको रकम तय गरिन्छ:

- पारिवारिक आम्दानी
- बालबच्चा(हरू) का उमेर
- कुल चाइल्डकेयर खर्चहरू
- थप आर्थिक स्रोतसाधनहरू (जस्तै कि काउन्टी लगानी वा बालबच्चा समर्थन)
- विशेष पारिवारिक अवस्था वा कठिनाइ

सीमित रकमका कारण, पुरस्कारहरू आवश्यकताको आधारमा प्रदान गरिनेछ ।

## मैले कसरी आवेदन भर्न सक्छु ?

पूरा आवेदन र विवरणहरूका लागि, *QR* कोड स्क्यान गर्नुहोला वा go.wisc.edu/unistaffccaward वेबसाईट हेर्नुहोला ।

## मैले आवेदन भरेँ । अब के हुन्छ ?

*OCCFR* कर्मचारीले तपाईंको आवेदन र भुक्तानी प्रक्रियाको बारेमा तपाईंलाई सीधै सम्पर्क गर्नुहुनेछ । भुक्तानीहरू सधैँ चाइल्डकेयर प्रदायकलाई सीधै पठाइन्छ ।

## प्रश्नहरू छन् ? हामीलाई सम्पर्क गर्नुहोस् !

(608) 265-4060 occfr@provost.wisc.edu